**जातीय समानताको बढावाको निम्ति**
**विधमान तथा योजनाबद्ध उपायहरू**

**लेखापरीक्षण आयोग (अडिट कमिशन)**

लेखापरीक्षण आयोगले सरकार तथा सार्वजनिक संगठनहरुको कार्य तथा उत्तरदायित्वलाई सहयोग पुर्याउन स्वतन्त्र, व्यवसायिक तथा गुणस्तरिय लेखापरीक्षण सेवाहरु प्रदान गर्दछ ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | ● लेखापरीक्षण आयोगले सरकार तथा सार्वजनिक संगठनहरुको खाताको नियमित लेखापरीक्षण गर्दछ, र तिनीहरुको वित्तियता, कार्यदक्षता तथा प्रभावकारिता जाँच गर्न मुद्राको मूल्यको लेखापरीक्षण गर्दछ । |
| विद्यमान उपायहरु | ● लेखा निर्देशकद्वारा लेखिएका रिपोर्टहरु हङकङको दुई आधिकारिक भाषाहरु (जुन चिनियाँ तथा अंग्रेजी) मा सर्वसाधारणहरुको पहुँचको निम्ति लेखा परिषद्को वेबसाईटमा राखिएका छन् ।<br><br>● सर्भिस काउण्टरमा सेवा दिईरहेका कर्मचारीलाई भाषा सेवा नीतिहरु साथै आगन्तुकहरुको आवश्यकतानुरुप उपलब्ध भाषा सेवा परिचय गराउन तोकिएको कार्य प्रक्रियाहरु बारे समेत ज्ञान छ । उनीहरुले सक्रिय रुपमा चिनियाँ वा अंग्रेजी भाषामा संवाद गर्न कठिनाई भएका आगन्तुकहरुलाई भाषा पहिचान जस्ता कार्ड देखाएर उपलब्ध भाषाको सेवा परिचय गराउने छन् ।<br><br>● हाम्रो लेखापरीक्षण कार्यमा सम्पूर्ण सर्वसाधारणहरुका सुझावहरु, उनीहरुका जातीय पृष्ठभूमिको पर्वाह् नगरी, स्वागत गरिन्छ । |
| भावी कार्यको मूल्यांकन | ● जातीय समानताको प्रचारका विद्यमान तथा भावी उपायहरुको नियमित मूल्यांकनका लागि आगन्तुकहरुका भाषा सेवा आवश्यकताहरुको डाटालाई संकलन गर्न निरन्तरता दिइनेछ ।<br><br>● हाम्रो सर्भिस काउण्टरमा सेवा दिईरहेका कर्मचारीबाट जातीय समानताको प्रचारका विद्यमान उपायहरुबारे प्रतिक्रियाहरु नियमित रुपमा संकलन गर्न निरन्तरता दिइनेछ । |
| लिइएको /लिनुपर्ने थप उपायहरु | ● सर्भिस काउण्टरमा सेवा दिईरहेका कर्मचारीलाई जातीय संवेदनशीलता तथा सांस्कृतिक विविधता बारे तालिम दिने व्यवस्थालाई निरन्तरता दिईनेछ, जसले उनीहरुको विभिन्न जातीय समूहहरुका आगन्तुकहरुलाई दिने सेवामा |

सुधार ल्याउन मद्दत गर्नेछ।

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरुबारे सोधपुछका लागि, कृपया मिस्टर एलेन ली, डेपुटि डिपार्टमेन्टल सेक्रेटरीलाई निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् –

| | | |
|---|---|---|
| टेलिफोन नं | : | 2867 3387 |
| फ्याक्स नं. | : | 2824 2087 |
| ईमेल | : | akklee@aud.gov.hk |
| पत्राचार ठेगाना | : | 6th floor, High Block, Queensway Government Offices, 66 Queensway, Hong Kong |

**लेखापरीक्षण आयोग**
**मे 2023**